## नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको

# निर्वाचन निर्देशिका, २०८१

नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउनका लागि निर्वाचनको प्रकृयालाई व्यवस्थित तुल्याउन वाञ्छनीय भएकाले नेबाए निर्वाचन समिति, २०८१ बाट नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचन निर्देशिका, २०८१ जारी गरी लागू गरिएको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो निर्देशिकाको नाम 'नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचन निर्देशिका २०८१' रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ भई लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा–

(क) 'विधान' भन्नाले नेपाल बार एशोसिएशनको विधान, २०४८ सम्झनुपर्छ ।

(ख) 'विनियम' भन्नाले नेपाल बार एशोसिएशनको विनियम, २०४९ सम्झनुपर्छ ।

(ग) 'आचारसंहिता' भन्नाले नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचन आचारसंहिता, २०८१ सम्झनुपर्छ ।

(घ) 'केन्द्रीय कार्यसमिति' भन्नाले नेपाल बार एशोसिएशनको केन्द्रीय कार्यसमिति सम्झनुपर्छ ।

(ङ) 'निर्वाचन समिति' भन्नाले विधानको धारा ४५ बमोजिम केन्द्रीय कार्यसमितिबाट गठित निर्वाचन समिति सम्झनुपर्छ । सो शव्दले स्थानिय निर्वाचन समितिलाई समेत जनाउछ ।

(च) 'निर्वाचन अधिकृत' भन्नाले निर्वाचन समितिका प्रमुख निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(छ) 'स्थानिय निर्वाचन समिति' भन्नाले निर्वाचन समितिबाट गठित प्रत्येक मतदान केन्द्रको निर्वाचन उपसमिति सम्झनुपर्छ ।

(ज) 'मतदान अधिकृत' भन्नाले प्रत्येक मतदानकेन्द्र र उपकेन्द्रका लागि निर्वाचन समितिबाट नियुक्त मतदान अधिकृत सम्झनुपर्छ।

(झ) 'मतदाता' भन्नाले विधानको धारा ६ अनुसार नेपाल बार एशोसिएशनको सदस्यता प्राप्त गरी धारा २५(१) अनुरूप कम्तीमा दुई आर्थिक वर्षदेखि सदस्य रही प्रत्येक वर्ष सदस्यता नवीकरण गरेको कानून व्यवसायी र वरिष्ठ अधिवक्ता र अधिवक्ताको हकमा विधानको धारा ५(१)ख) बमोजिमको योग्यता कायम रहेको कानून व्यवसायी सम्झनुपर्छ ।

(ञ) 'उमेदवार' भन्नाले केन्द्रीय कार्यसमितिको निर्वाचनमा उमेदवारी दिई उमेदवारको अन्तिम नामावलीमा कायम रहेका पदाधिकारी र सदस्यका उमेदवारहरूलाई सम्झनुपर्छ ।

नेपाल बार एशोसिएशन निर्वाचन समिति २०८१ Nepal Bar Association

(ट) 'कर्मचारी' भन्नाले निर्वाचन समिति र उपसमितिमा कार्यरत नेपाल बार एशोसिएशन वा एकाइका कर्मचारी वा निर्वाचन समिति र उपसमितिले निर्वाचन अवधिभरका लागि नियुक्त गरेका अन्य कर्मचारीलाई जनाउँछ ।

(ठ) 'मतगणना अधिकृत' भन्नाले निर्वाचन समितिबाट मतगणना प्रयोजनका लागि नियुक्त गरिएको मतगणना अधिकृत सम्झनुपर्छ ।

## परिच्छेद - २
## स्थानीय निर्वाचन समिति, मतदान अधिकृत, मतगणना अधिकृत एवं कर्मचारीहरू

३. नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचन सञ्चालन गर्दा स्थानीय निर्वाचन समिति एवं मतदान अधिकृतले देहाय बमोजिमको कार्यविधि अनुसरण गर्नु-गराउनु पर्नेछ :-

(१) नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचन सम्पन्न गराउनका लागि निर्वाचन समितिबाट प्रत्येक मतदान केन्द्रमा सम्बन्धित मतदान केन्द्रमै रहेको बार एकाइका अध्यक्ष, उपाध्यक्ष र सचिवसमेतको तीन सदस्यीय स्थानीय निर्वाचन समिति गठन गरिनेछ । उल्लिखित पदाधिकारीमध्ये कुनै पदाधिकारी कारणवश समितिमा रहन नसक्ने भएमा वा नरहेमा सोही बार एकाइको कोषाध्यक्ष र कानून व्यवसायीको प्रमाणपत्रका आधारमा कार्यसमितिका वरिष्ठ सदस्यहरू मध्येबाट उक्त समितिमा रहने छन् ।

(२) एकै मतदान केन्द्रमा उच्च अदालत बार एकाइ र जिल्ला बार एकाइ रहेको मतदान केन्द्रको हकमा सम्बन्धित उच्च बार एकाइका अध्यक्ष र उपाध्यक्ष तथा जिल्ला बारका अध्यक्ष स्थानीय निर्वाचन समितिमा रहने छन् ।

(३) काठमाडौं मतदान केन्द्रको हकमा बरिष्ठ अधिवक्ताको संयोजकत्वमा पर्यवेक्षण समिति गठन गरिनेछ र सदस्यहरुमा दुई बरिष्ठ अधिवक्ताहरु, सर्वोच्च अदालत बार, उच्च अदालत बार पाटन, विशेष अदालत बार, काठमाडौं जिल्ला बार, ललितपुर जिल्ला बार, भक्तपुर जिल्ला बार र काभ्रे जिल्ला बारका अध्यक्षहरु पदेन सदस्य रहनु हुनेछ ।

(४) निर्वाचन पर्यवेक्षण समितिले मतदान र मतगणनाको कार्यमा वाधा नपुग्ने गरी पर्यवेक्षण गर्नेछ र पर्यवेक्षणको क्रममा देखिएको वा पाएको कार्यको सम्बन्धमा आवश्यक जानकारी निर्वाचन समितिलाई गराउनेछ ।

(५) केन्द्रीय निर्वाचन समितिबाट मतदान अधिकृत नियुक्त गरिनेछ । तर केन्द्रीय निर्वाचन समितिबाट स्थानीय निर्वाचन समितिलाई मतदान अधिकृत नियुक्त गर्न सक्ने अख्तियारी प्रदान गर्न सकिनेछ ।

(६) मतदान केन्द्रहरूबाट सबै मतपेटिकाहरू प्राप्त भएपछि मतगणना कार्य सम्पन गर्नका लागि निर्वाचन समितिबाट मतगणना अधिकृतहरू नियुक्ति गरिनेछ ।

(७) निर्वाचन कार्य सञ्चालन गर्नका लागि निर्वाचन समितिबाट आवश्यक कर्मचारीहरू नियुक्ति गरिनेछ । तर निर्वाचन समितिले आवश्यक ठानेमा सम्बन्धित मतदान केन्द्रको स्थानीय निर्वाचन समितिलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद - ३
## मतदान अधिकृतको काम-कर्तव्य र अधिकार

४. नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको मतदान कार्य गराउँदा मतदान अधिकृतले देहाय बमोजिमको कार्यविधि अनुसरण गर्नु-गराउनु पर्नेछ :-

नेपाल बार एशोसिएशन निर्वाचन समिति २०८१ Nepal Bar Association

(१) मतदान अधिकृतले निर्वाचन सुरु हुने दिन बिहानको ८:०० बजेभन्दा २ घण्टाअघि उमेदवारहरू वा निजहरूका प्रतिनिधिसमेतको रोहवरमा मुचुल्का खडा गरी मतपत्र रहेको सिलबन्दी खाम खोली मतपत्रमा सही गरी प्रमुख निर्वाचन अधिकृत र मतदान अधिकृत समेतको सही भएको मतपत्र मात्र निर्वाचनमा प्रयोग गर्नुपर्नेछ ।

(२) मतदान अधिकृतले नेपाल बार एशोसिएशनको विधान, २०४८, नेपाल बार एशोसिएशनको विनियम २०४९, नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचन आचारसंहिता, २०८१ र यो निर्देशिका समेत बमोजिम निर्वाचन सञ्चालन गर्नु-गराउनु पर्नेछ ।

(३) निर्वाचनको दिन दिउँसो ४ बजेसम्ममा निर्वाचन सम्पन्न गर्नु-गराउनु पर्नेछ तर ४:०० बजेसम्म मतदान केन्द्रमा उपस्थित भई लाईनमा बसेका मतदाताहरुलाई निर्वाचनमा सहभागी गराउनु पर्नेछ ।

(४) मतदान कार्य गराउँदा सम्बन्धित मतदाताको नाममा जारी भएको नेपाल कानून व्यवसायी परिषद्को परिचयपत्र वा कानून व्यवसायीको प्रमाणपत्र वा नागरिकताको प्रमाणपत्र मध्ये कुनै एकको सक्कलै प्रति अनिवार्य रूपमा हेर्नु पर्नेछ ।

(५) मतदान केन्द्र परिवर्तन गरि आउने मतदाता तथा उमेदवारहरूका मतदान प्रतिनिधिहरूले पनि मतदान गर्नपाउने हुँदा त्यसको व्यवस्था मिलाउनु पर्नेछ ।

(६) मतदाता नामावलीको दस्तखत महलमा केन्द्र परिवर्तन लेखिएको भए सो मतदाता सो केन्द्रबाट अन्य केन्द्रमा सरुवा भइगएको जनाउने हुँदा सो केन्द्रमा सो मतदाताले मतदान गर्न पाउने छैन ।

(७) मतदान गर्न आउने सबै मतदातालाई मतदाता नामावलीमा रहेको दस्तखत महलमा दस्तखत गर्न लगाएपछि मात्र एउटा मतपत्र दिनुपर्नेछ ।

(८) मतदान कार्य सम्पन्न भएपछि जम्मा मतदाता सङ्ख्या, मतदान गरेका मतदाताहरूको सङ्ख्या र प्रयोग भएका मतपत्रहरूको सङ्ख्या खुलाई मतदान सम्पन्न भएको मुचुल्का खडा गरी उमेदवारहरू वा निजहरूका प्रतिनिधिको रोहवरमा गोपनीयताका साथ मतपत्रहरू छुट्टै खाममा राखी लाहा छाप लगाउनु पर्नेछ ।

(९) मतदान केन्द्र परिवर्तन गरि आउने तथा सोही केन्द्रका मतदाताहरूको हस्ताक्षर गराइएको मतदाता नामावली र प्रयोग नभएका बाँकी मतपत्रहरू गन्ती गरी छुट्टै खाममा सिलबन्दी गराउनु पर्नेछ ।

(१०) सिलबन्दी गरिएका सबै खामहरू सुरक्षित ढङ्गबाट कपडाको झोलामा राखी बन्द गरी लाहाछाप लगाई पुनः सिलबन्दी गरी सो सम्पूर्ण सामग्री सोही दिन नजिकको हवाइजहाजबाट काठमाडौंस्थित निर्वाचन समितिको कार्यालयमा पुग्नेगरी पठाउनु पर्नेछ । कथंकदाचित मौसमको कारणले हवाई उडान स्थगित भएमा निर्वाचन समितिमा सम्पर्क गरी समितिको सल्लाह बमोजिम गर्नुपर्नेछ ।

(११) मतदान कार्य सुरु भएदेखि सम्पन्न नहोउन्जेल र मतदानसँग सम्बन्धित सिलबन्दी सामाग्री काठमाडौंमा पठाउने कार्य पूरा नभएसम्म निर्वाचन समितिसँग प्रत्यक्ष सम्पर्कमा रही खबर आदान-प्रदान गर्ने व्यवस्था गनुपर्नेछ ।

## परिच्छेद - ४
## मतगणना अधिकृतको काम-कर्तव्य र अधिकार

५. नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचनको मतगणना गर्दा मतगणना अधिकृतले देहाय बमोजिमको कार्यविधि अनुसरण गर्नु-गराउनु पर्नेछ–

नेपाल बार एशोसिएशन निर्वाचन समिति २०८१ Nepal Bar Association

(१) नेबाए केन्द्रीय कार्यसमितिको निर्वाचनमा मतदान गरिएका मतपत्रहरूलाई सदर र बदरको मतपत्र छुट्टयाई कुनै किसिमले फरक नपर्ने गरी प्रत्येक उमेदवारले पाएको मत गणना गर्नुपर्नेछ ।

(२) मतगणना गर्दा-गराउँदा नेपाल बार एशोसिएशनको विधान, २०४८, नेपाल बार एशोसिएशनको विनियम, २०४९ नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचन आचारसंहिता, २०८१ समेत बमोजिम कार्य सम्पन्न गर्नुपर्नेछ ।

(३) मतगणना सुरु गर्नुअघि सिलबन्दी गरिएको मतदान सम्पन्न भएको मुचुल्का र मतपेटिकामा लगाइएको लाहाछाप ठीक-दुरुस्त छ/छैन ? उमेदवारहरू वा निजहरूका मतगणना प्रतिनिधिहरूको रोहवरमा जाँची हेरी सो सिलबन्दी खोलेको मुचुल्का खडा गरी उमेदवारहरू वा निजहरूका मतगणना प्रतिनिधिहरूको र सम्बन्धित निर्वाचन कर्मचारीसमेतको दस्तखत गराई मतगणना अधिकृतले मुचुल्का प्रमाणित गर्नुपर्नेछ ।

(४) मतगणनाको क्रममा विनियमको पूर्णत: पालना गरी गराई मतगणनाको कामकारबाही सुरक्षित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्नु-गराउनु पर्नेछ ।

(५) मतगणनाको काम कारबाहीका क्रममा कुनै द्विविधा उत्पन्न भएमा निर्वाचन समितिसमक्ष पेस गरी समितिको निर्णयअनुसार गर्नु-गराउनु पर्नेछ ।

(६) निर्वाचन समितिले मतगणनाको प्रारम्भिक परिणामहरू समय-समयमा सूचित गर्नेछ ।

## परिच्छेद - ५
## विविध

६. विधान र विनियम र आचारसंहिताबमोजिमै हुने : यस निर्देशिकाको कुनै कुरा नेपाल बार एशोसिएशनको विधान, २०४८ वा नेपाल बार एशोसिएशनको विनियम, २०४९ वा नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचन आचारसंहिता, २०८१, नेबाएको मतगणना निर्देशिका, २०८१ सँग बाझिएमा सो हदसम्म यस निर्देशिकाको प्रावधान अमान्य भई विधान, विनियम र आचारसंहिताबमोजिमै हुनेछ ।

७. बाधा-अड्काउ फुकाउने : यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा-अड्काउ आइपरेमा निर्वाचन समितिले उपयुक्त आदेश जारी गरी त्यस्तो बाधा-अड्काउ फुकाउन सक्नेछ ।

| चन्द्र बहादुर शाही | सेवन्त राज निरौला | तेज नाथ धमला | तारा बहादुर सिटौला | रामकृष्ण निराला |
|---|---|---|---|---|
| निर्वाचन अधिकृत | निर्वाचन अधिकृत | निर्वाचन अधिकृत | निर्वाचन अधिकृत | प्रमुख निर्वाचन अधिकृत |

जारी मिति : २०८१ चैत ३ गते

नेपाल बार एशोसिएशन निर्वाचन समिति २०८१ Nepal Bar Association